## आ.व. २०७१/७२ मा औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांक (Producer's Price Index of Industrial Sector, IPPI) स्थिति (तेस्रो, चौथो त्रैमासिक र वार्षिक )

चलु आ.व. २०७१/७२ को चौथो त्रैमासिकमा समग्र औद्योगिक क्षेत्रको उत्पादकको प्रारम्भिक मूल्य सूचकांक (IPPI) १४९.३४ अंकमा पुग्ने र वार्षिक मूल्य सूचकांक १४८.५८ अंक रहने अनुमान गरिएको छ, जस अनुसार खानी तथा उत्खनन्, उद्योग, र विद्युत, ग्याँस तथा पानीमा चौथो चौमासिकमा क्रमस: १७१.६३, १५२.६१ र ११३.२९ तथा वार्षिक क्रमस: १७१.४४, १५२.६४ र ११३.२९ पुग्ने अनुमान गरिएको छ । चालु आ.व.को तेस्रो र चौथो त्रैमासिकको तुलना गर्दा समग्र सूचकांकमा १.२९ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ भने खानी तथा उत्खनन् र उद्योगमा क्रमस: ०.१० र १.२६ प्रतिशतले बृद्धि हुने तथा विद्युत, ग्याँस तथा पानीको सूचकांकमा कुनै परिवर्तन नहुने अनुमान गरिएको छ । गत आ. व. २०७०/७१ को तुलनामा चालु आ.व. २०७१/७२ को चौथो त्रैमासिक (वैशाख– असार) को समग्र प्रारम्भिक सूचकांकमा ३.३२ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ जस अन्तरगत खानी तथा उत्खनन् क्षेत्रको सूचकांकमा ३५.११ प्रतिशत तथा उद्योग क्षेत्रको मूल्य सूचकांकमा ३.०४ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ, भने विद्युत, ग्याँस तथा पानीमा उत्पादकको मूल्य सूचकांक स्थिर रहने अनुमान गरिएको छ । त्यसै गरी गत आ.व. र चालु आ. व.को वार्षि उत्पादकको मूल्य सूचकांकको तुलना गर्दा समग्र सूचकांकमा ४.७६ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ, जस अन्तरगत खानी तथा उत्खनन्, उद्योग, र विद्युत, ग्याँस तथा पानीमा क्रमस: ३५.१५, ४.४९ र ०.६८ प्रतिशतको बृद्धि हुने अनुमान रहेको छ ।

### त्रैमासिक औद्योगिक क्षेत्रको उत्पादकको मूल्य सूचकांकको स्थिति:

| उत्पादकको मूल्य सूचकांकहरु | आ. व. २०७०/७१ | | आ. व. २०७१/७२ | | | | | परिवर्तन प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चौथो त्रैमासिक | वार्षिक | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक | तेस्रो र चौथो त्रैमासिक (२०७१/७२) | चालु र गत आ.व. चौथो त्रैमासिक | चालु र गत आ.व. बार्षिक |
| कुल सूचकांक (IPPI) | १४४.५ | १४१.८ | १४९.३ | १४८.७ | १४७.४ | १४९.३ | १४८.६ | १.२९ | ३.३२ | ४.७६ |
| खानी तथा उत्खनन् | १२७.० | १२६.९ | १७१.३ | १७१.३ | १७१.४५ | १७१.६ | १७१.४ | ०.१० | ३५.११ | ३५.१५ |
| उद्योग (MPPI) | १४७.८ | १४५.० | १५१.९ | १५१.२ | १५०.७१ | १५२.६ | १५१.६ | १.२६ | ३.०४ | ४.४९ |
| विद्युत,ग्याँस र पानी | ११३.३ | ११२.५ | ११३.३ | ११३.३ | ११३.२९ | ११३.३ | ११३.३ | ० | ० | ०.६८ |

### वस्तुगत आधारमा उद्योग क्षेत्र (Manufacturing Sector) को मूल्य सूचकांकको स्थिति:

वस्तुगत आधारमा आ.व. २०७१/७२ को तेस्रो र चौथो त्रैमासिकको औद्योगिक उत्पादकको मूल्य सूचकांकहरुलाई तुलना गर्दा चौथो त्रैमासिकको प्रारम्भिक मूल्य सूचकांकमा ४४ वटा वस्तुहरु मध्ये तेस्रो त्रैमासिकको तुलनामा ३७ वटा वस्तुहरुको मूल्य वृद्धि, २ वटा वस्तुहरुका मूल्यमा स्थिरता र ५ वटा वस्तुहरुका मूल्यमा गिरावट आउने अनुमान गरिएको छ । वस्तुगत आधारमा उत्पादकको मूल्य सूचकांकमा अधिकतम बृद्धि भएका वस्तुहरु क्रमस: उनी कार्पेट, कार्टुन बक्स, ईट्टा, प्लाष्टिकका सामान, विस्कुट आदि रहेका छन, त्यसै गरी अधिकतम गिरावट भएका वस्तुहरुमा क्रमस: प्लाई उड, वियर, सिमेन्ट, औषधि, गहुँको पिठो आदि रहेका छन ।

वस्तुगत आधारमा आ.व. २०७०/७१ र आ. व. २०७१/७२ को बार्षिक औद्योगिक उत्पादकको मूल्य सूचकांकहरुलाई तुलना गर्दा आ.व. २०७१/७२ को प्रारम्भिक मूल्य सूचकांकमा ४४ वटा वस्तुहरु मध्ये ३२ वटा वस्तुहरुको सूचकांकमा बृद्धि भएको, एउटा बस्तुको स्थिर र बाँकि ११ वटा वस्तुहरुको सूचकांकमा गिरावट आउने अनुमान गरिएको छ । वस्तुगत आधारमा वार्षिक औद्योगिक उत्पादकको मूल्य सूचकांकमा अधिकतम बृद्धि क्रमस: चुरोट, ईट्टा, फर्निचर, प्रशोधित दुध, वेकरी उत्पादन आदिमा र अधिकतम गिरावट क्रमस: चिनी, भटमासको तेल, प्रशोधित चिया, ल्यूव तेल, वनस्पति घ्यू आदिमा हुने अनुमान गरिएको छ ।

### वस्तुगत आधारमा त्रैमासिक तुलनात्मक विवरण

| वस्तुहरु | आ.व. २०७१/७२ | | |
|---|---|---|---|
| | तेस्रो त्रै. | चौथो त्रै.(प्रा) | बृद्धि प्रतिशत |
| **सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरुको विवरण** | | | |
| उनी कार्पेट | १६८.९ | १७७.७ | ५.२ |
| कार्टुन बक्स | १७४.७ | १८०.८ | ३.५ |
| ईट्टा | २१८.४ | २२५.९ | ३.४ |
| प्लाष्टिकका सामान | १४४.८ | १४९.७ | ३.४ |
| बिस्कुट | १२६.८ | १३०.६ | ३.० |
| **सूचकांकमा अधिकतम गिरावट आएका ५ वस्तुहरुको विवरण** | | | |
| प्लाई उड | १८८.२ | १८५.६१ | -१.३८ |
| वियर | १४८.४ | १४७.५ | -०.६२ |
| सिमेन्ट | १२८.१ | १२७.४ | -०.५१ |
| औषधि | १५७.५ | १५७.२ | -०.२१ |
| गहुँको पिठो | १५७.३ | १५७.१ | -०.१५ |

### वस्तुगत आधारमा गत र चालु आ.व. बार्षिक तुलनात्मक विवरण

| वस्तुहरु | बार्षिक सूचकांक | | बृद्धि प्रतिशत |
|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | |
| **सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरुको विवरण** | | | |
| चुरोट | १६९.८८ | २१०.६८ | २४.०२ |
| ईट्टा | १८०.०३ | २१२.२५ | १७.९० |
| फर्निचर | १७६.२५ | २०३.६८ | १५.५६ |
| प्रशोधित दुध | १५४,०१ | १७७.९७ | १५.५६ |
| बेकरी | १२५.२५ | १४३.५७ | १४.६२ |
| **सूचकांकमा अधिकतम गिरावट आएका ५ वस्तुहरुको विवरण** | | | |
| चिनी | १४४.४९ | १२३.८६ | -१४.२८ |
| भटमासको तेल | १४४.३७ | १२९.९८ | -९.९७ |
| प्रशोधित चिया | १३१.२७ | १२३.७९ | -५.७० |
| ल्यूव तेल | ११०.८२ | १०५.६३ | -४.६८ |
| वनस्पति घ्यू | १९५.१० | १८७.३१ | -३.९९ |